# नदी शिखर सम्मेलन

## *सुनकोशी घोषणा पत्र २०७१*

१. समाज र प्रकृतिमा नदीको विविध र ब्यापक भूमिका छ। पानीको यो विविध र व्यापकता अन्तर्गत निर्दिष्ट वाटो हुँदै नदीनाला र तिनका शाखा उपशाखा बग्दछन्। आर्थिक सम्बृद्धि, सामाजिक समता एवं वातावरणीय सन्तुलनको अवधारणाबाट निर्देशित भई पानी र नदीको व्यवस्थापन अघि बढाउनु पर्छ। नेपालको दिगो विकास कालागि नदी र नदीमा आधारित प्राकृतिक स्रोतहरुको उपयोग मा विज्ञान र ज्ञानको विवेकशिल संयोजन आवश्यक छ।

२. पानीको उपलब्धता र भोगचलन बेसिन, सवबेसिन र सुक्ष्म वेसिन स्तरमा हुने वर्षा, वाष्पिकरण, प्रवाह जस्ता पक्षहरुको नियमित र अनवरत मापन गरिनु जरुरी छ। यस्ता जानकारीले हिमालय क्षेत्रको पानी र नदीका ब्यवहार बुझ्ने बैज्ञानिक आधार अभिबृद्धी गर्छन्। यस्ता लगायत जलविकास, निमार्ण र ब्यवस्थापनका सूचना तटिय क्षेत्रमा बस्ने नागरीक र सरोकारवालामा पुग्न नसकेको हुँदा तिनले बुझ्ने भाषामा सो उपलब्ध गराउन जरुरी छ।

३. विगतमा योजना र सन्धीहरु कार्यन्वयनको सन्दर्भमा विस्थापित भएका ब्यक्ति र घर परिवारले अझै उचित क्षतिपूर्ति नपाएको हुँदा यस्ता परिवारको लेखाजोखा गरी उसलाई उचित ब्यवस्था गर्नु जरुरी छ।

४. गंगा वेसिन क्षेत्रमा बाहुल्य गरिबी न्यून गर्दै नेपाल र भारत बीचको सम्वन्ध अझ प्रगाढ पार्न दुई देशले प्रतिपादित गरेका नदी उपयोगका अनुभवहरु (जस्तैः कोशी, गण्डक, महाकाली/शारदा) को मुल्याङ्कन वर्तमान जलवायु सिर्जित अनिश्चितताको सन्दर्भमा आवश्यक भएको छ। यस्ता मुल्याङ्कनले तिनको प्रभावकारिता, सम्वृद्धि र स्थानीय स्तरमा जोखिम घटाउन गरेको योगदान जस्ता विषय विष्लेषण गर्नु पर्छ। विभिन्न सामाजिक आन्दोलनहरुले स्थानीय उपभोक्ता, घर परिवार र नागरिकका हकहितका प्रश्न उठाउन महत्वपूर्ण भूमिका खेलेका छन्। तिनको आलोचनात्मक र सिर्जनात्मक भूमिका निरन्तर रहन संविधान र राज्यले आवश्यक व्यवस्था ग्यारेन्टी गर्नु पर्दछ।

५. पानी र नदी संरक्षणकालागि पानी माथिको स्वामित्व र अधिकार स्पष्ट पार्न जरुरी छ। राज्यको नीति र कानून्ले गरेको व्यवस्थामा सामाजिक र आर्थिक सिमान्तमा रहेका समुदाय र बोल्न नसक्ने जीव प्राणीको हक सुरक्षित गर्नु थप जरुरी छ।

६. पर्यावरण, पर्यटन र साँस्कृतिक दृष्टिकोणले महत्व राख्ने निश्चित भेगमा नदीहरु स्वतन्त्र र निरन्तर बग्न पाउने अधिकार सुनिश्चित गर्नाले नदी संरक्षणको प्राकृतिक मान्यतालाई सम्मान गर्दै विश्व परिचित भोटेकोशि जस्ता नेपालका विशिष्ट नदी प्रणालीको विविधता जीवन्त राख्ने बाटो खोल्दछ । नेपालका हरेक वेसिनका नदी प्रणालीको सन्तुलन कायम राख्दै त्यस्ता वेसिनमा कम्तिमा एउटा नदी प्रणालीलाई प्रकृति र भविष्यका सन्ततिकालागि उपहार स्वरुप जोगाउन जरुरी छ । प्रदुषण कम गर्दै नदीहरु स्वच्छ, रहने रणनीति पनि त्यतिकै जरुरी छ ।

७. बाढी नियन्त्रणका तटबन्ध, सडक र अन्य संरचनाहरुको अव्यवस्थित निर्माणले स्थानीय जलचक्रलाई अवरुद्ध गरि डुवान, कटान एवं पहिरोहरुले पानीका स्रोतहरु र योजनाहरु ह्रास हुने क्रम बढाउदै स्थानीय वातावरण, अर्थ व्यवस्था र समुदायमा नकरात्मक प्रभाव परेको छ । नेपालको तराइमा डुवानले नकरात्मक असर गर्दै स्थानीय खाद्य सुरक्षामा समेत प्रभाव पारेको छ । भविष्यमा प्रस्तावित योजनाहरुको समग्र जोखिमको आंकलन गर्न र सो क्रममा स्थानीय समूदाय र नदी किनाराका वासिन्दाहरुको  सहभागिता निरन्तर रहने व्यवस्था गर्न जरुरी छ । जलवायू परिवर्तनले सिर्जना गरेको अनिश्चितता सित अनुकुल रहन यस्ता रणनीतिले थप सहयोग पुऱ्याउछन् ।

८. नदी र पानीको प्रवन्धनमा प्राकृतिक र सामाजिक शास्त्र लगायत स्थानीय र परम्परागत ज्ञानको सश्लेषण आवश्यक पर्दछ । योजना तर्जुमा र कार्यान्वयन गर्दा स्थानीय परिस्थितीय प्रणाली एवं लैङ्गिग समताका विषयहरु प्राथमिकतामा नपर्ने हुँदा अन्तर विषयगत शिक्षाको माध्यम अवलम्वन गरी सो संयोजन गर्न सक्षम विष्लेसकहरु तयार गर्न जरुरी छ । यो शिलशिला अगाडि लैजान राज्यले अध्ययन र अनुसन्धानकालागि थप रकम विनियोजित  गर्नाले ज्ञानको दायरा थप फराकिलो बनाउन मद्दत पुग्ने छ । नदी र वासिन्दा जोडिएका अनुभव र अध्ययनको आदान प्रदानले यो प्रयासलाई थप टेवा पुऱ्याउछ ।

९. राज्यका नीतिले जलविद्युत विकासको लाभ बाँडफाँड गर्ने व्यवस्था गरेता पनि ति प्रावधानले नदीसंग अन्योन्यास्रित संवन्ध भएका माझि, बोटे, राजी, मुसहर, दनुवार, सुदाना जस्ता समुदायको हित गर्न सकेको छैन । यस्ता बाँडफाँडको निश्चित प्रतिशत फाइदा त्यस्ता समूदाय र घर परिवारले पाउने व्यवस्था संस्थागत गर्नु आवश्यक छ ।

१०. नदी संरक्षण तथा व्यवस्थापनमा नेपाल, भारत लगायत अन्य मुलुकहरुका बीचका सम्वन्ध  शंका तथा अन्तरविरोधको निरन्तरतालाई अन्त्य गर्ने क्रममा सवै मुलकका जनताबीच सूचना संप्रेषण तथा

जानकारी आदान प्रदान उपयोगी हुन सक्ने अवधारणा अनुरुप सवै मुलुकका नागरिक तथा सामाजिक संघ संस्थाबीच सहकार्य बढाउने पहल विस्वास र सद्भाव बढाउन आवश्यक छ ।

११. नेपालका नदी, नाला तथा तिनका जलाधार क्षेत्रहरुको वातावरणीय परिवेश, उपलब्ध पानीको मात्रा तथा उपयोग, संरक्षण तथा व्यवस्थापन सम्वन्धि ज्ञान यस क्षेत्रमा अध्ययन, अनुसन्धान तथा नीति निर्माणका तहमा कार्यरत प्राविधिक, अध्येता, शिक्षक तथा विद्यार्थीहरुकालागि उपलब्ध गराउने हेतुले नदी सम्वन्धि ज्ञानको प्रलेखालयहरुको स्थापना गरि सो स्रोतको व्यापक उपलब्धता प्रत्याभुत गरिनु पर्दछ ।

१२. नेपालको भू बनोट, भूराजनीतिक स्थिति, सामाजिक र जैविक विविधता तथा जलवायु परिवर्तनबाट उत्पन्न हुने परिस्थिति तथा संकटका लेखाजोखा, नदीको उपयोग, व्यवस्थापन तथा संरक्षणमा नीति निर्माणका तहमा योगदान पुऱ्याउन एक स्वतन्त्र बहुविधा आयोग स्थापना गर्नु पर्ने आवश्यकता नदी शिखर सम्मेलनले महशुस गरेको छ ।

१३. जलस्रोत, उर्जा, बन, सिंचाई जस्ता क्षेत्रको आधार नदी भएकोले सम्पूर्ण क्षेत्रलाई समेट्ने गरि बृहत नदी संरक्षण केन्द्रीत नीति, कानून्, रणनीति तथा योजना तर्जुमा र तिनलाई कार्यान्वयन गर्ने संथागत संयत्र बनाएर लागू गर्न ढिला भइसकेको महशुस गर्दै सम्मेलन नदी संरक्षणकालागि उपर्युक्त व्यवस्था गर्न सवै पक्षसँग सहकार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दछ ।

१४. बढ्दो नदी प्रदुषण आम नेपाली समाजको अगाडि ठूलो चुनौति बनिरहेको सन्दर्भमा वागमती सफाई एवं महोत्सव जस्ता सफलतापूर्वक संचालन भइरहेका पहलहरुलाई संस्थागत गर्न नागरिकहरुको तर्फबाट वागमती नदी फाउन्डेसन गठनको आवश्यकता रहेको महशुस गर्दछ ।

१५. सम्मेलन हरेक वर्ष २३ सेप्टेम्वरलाई अन्तर्राष्टिय नदी दिवसको रुपमा मनाउन विश्व समुदायलाई आवाहान गर्दै हरेक वर्ष नेपालका विभिन्न वेसिन क्षेत्रमा नदी शिखर सम्मेलन आयोजना गर्ने निर्णय पनि गर्दछ । सोहि अनुरुप आउदो २०१६ सेप्टेम्बर महिनामा हिन्दुकुश हिमालय क्षेत्रका मुलुकहरुको सहभागिता सहित हिमालय नदी शिखर सम्मेलन आयोजना गर्ने निर्णय यो सम्मेलन गर्दछ ।

*इति सम्वत २०७१ साल असोज ०७ गते रोज ३ शुभम् ।*